# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone : 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


डोर मुकाम, मुगु

**अछावे**
पत्र संख्या: २०७५।०७६
च.नं.८०

मिति: २०७५।०६।०३

विषय: **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
खत्याड गाँउपालिकाको कार्यालय,
मुगु ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७४।०७५ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७५।०६।०२ मा छलफल पश्चात् तयार गरिएको पाना २४ (चौविस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ। प्रतिवेदनमा उल्लेखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ। उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(अजयकुमार सापकोटा)
निर्देशक

<u>बोधार्थ तथा कार्यार्थः</u>
श्री स्थानिय विकास तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ :- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
मुगु :- प्रतिवेदन संलग्न छ ।

# आर्थिक विवरण

स्थानीय निकायको नाम : **खत्याड गाउँपालिकाको कार्यालय, मुगु ।**

आर्थिक वर्ष: **२०७४।०७५**

| | नाम | कार्यरत अवधि | | बेरुजू रकम |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| कार्यालय प्रमुख: | प्र.प्र.अ.श्री मणीचन्द्र कार्की | २०७४।४।१ | २०७५।३।३२ | ६,०८,९०,३६७.७५ |
| लेखा प्रमुख: | स.ले.पा.श्री पुरुषोत्तम देवकोटा | २०७४।४।१ | २०७४।८।३० | |
| | स.ले.पा.श्री लक्ष्मीप्रसाद उपाध्याय | २०७४।९।१ | २०७५।३।३२ | |

**परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्धेश्यले गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाँउपालीका अर्न्तगत ११ वडा रहेको ६३ सभा सदस्य २८१ व.की.मी.क्षेत्रफल २३,६२० जनसंख्या कर्णाली प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोष -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाँउपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको** | | | १ | **चालु खर्च** | १८,३१,२४,३७६.३६ | |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | १८,६९,०८,६३१ | |
| | ख) बैंक | ६२५५८०७.०० | | ३ | **वित्तीय व्यवस्था** | | |
| २ | **राजस्व (आन्तरिक** | | | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | १७५४४४९.०० | | | ख) ब्याज | | |
| | ख) राजस्व बाँडफाँड | | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ४ | **लगानी** | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | | ऋण लगानी | | |
| | क)वित्तीय | १८३२६२०००.०० | | | शेयर लगानी | २,००,००,०००.०० | |
| | ख) सशर्त अनुदान | १२४५८१०००.०० | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | | | ५ | **धरौटी फिर्ता** | | |
| | घ) विशेष अनुदान | ६,२९,७१,८००.०० | | ६ | **कोष खर्च** | | |
| ४ | **प्रदेश सरकारबाट** | | | ७ | **मौज्दात** | | |
| | क)वित्तीय | | | | क) नगद | | |
| | ख) सशर्त अनुदान | | | | ख) बैंक मौज्दात | ५४,१०,४४८.७४ | |
| | ग) समपूरक अनुदान | ६२८४५८००.०० | | | | | |
| | घ) विशेष अनुदान | | | | | | |
| ५ | **अन्तर स्थानीय** | | | | | | |
| ६ | **वित्तीय व्यवस्था** | | | | | | |

6

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) ऋण प्राप्ति | | | | | | |
| | ख) साँवा प्राप्ति | | | | | | |
| | ग) ब्याज प्राप्ति | | | | | | |
| | घ) अन्य प्राप्ति (जि.वि.स.) | १,६६,१८,४००.०० | | | | | |
| ६ | **विभिन्न कोषतर्फको** | | | | | | |
| ८ | **जनसहभागिता** | | | | | | |
| ९ | **विषयगत निकायबाट** | | | | | | |
| १० | **धरौटी आय** | | | | | | |
| ११ | **लगानीको साँवा** | | | | | | |
| १२ | **स्रोत नखुलेको** | | | | | | |
| | **जम्मा** | ३९,५४,४३,४५६.०० | | | | ३९,५४,४३,४५६.०० | |

१

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

वजेट उपशिर्षक - बिभिन्न | स्थानीय निकायको नाम - खत्याड गाँउपालिकाको कार्यालय, मुगु । | आर्थिक बर्ष - २०७४।७५

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछर्यौटको विवरण |
|---|---|---|---|
| | उल्लेखित आर्थिक कारोबारको स्वीकृत समष्टीगत तथा ईकाइगत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरु, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधारमानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०४८ को दफा ३ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लेखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरुसँग मिति २०७५।०६।०१ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन् । | | |
| | **लेखापरीक्षणको क्रममा रु.२२,२५०।- असूली भई दाखिला भएको छ ।** | | |
| १. | **खर्च गर्ने अख्तियारी र कार्यविधि -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र बजेट सहित प्रचलित कानुन बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । अध्यक्षबाट प्रमुख प्रशासकीय अधिकृतलाई र प्रमुखप्रशासकीय अधिकृतले वडा सचिवलाई अख्तियारी एवं कार्यक्रम दिएको पाइएन । तसर्थ कानुनी व्यबस्थाको पालना गरी समयमानै अख्तियारी र कार्यक्रम दिनु पर्दछ । | | |
| २. | **वजेट पेश गर्ने तथा पारित गर्ने -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको वजेट तथा कायक्रम २०७४।३।३१ गते पारित गरेको पाइयो । ऐनको व्यवस्था वमोजिम अषाढ १० गते भित्र पेश गरी १५ दिन भित्र वजेट पारित गर्नुपर्ने व्यवस्थाको पालना गर्नु पर्ने देखिन्छ । | | |
| ३. | **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ वमाजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानुन वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनेपर्ने व्यवस्था छ । गाउँपालिका आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको पाइएन । तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यन्वयनमा ल्याउनु पर्दछ ।<br><br>स्थानीय तहको लेखापरीक्षण परीक्षण सूचिवाट देखिएका व्यहोराहरु यस प्रकार रहेका छन् । बित्तीय विवरणको यथार्थता परीक्षण गर्दा मासिक र वार्षिक प्रतिवेदन तयार गरेको पाइएन भने लेखा शिर्षकको वर्गिकरण गरेको छैन । बजेट अख्तियारी र कार्यक्रम | | |

| | | | |
|---|---|---|---|
| | प्राप्ति तथा योजना तर्जुमाको अवस्थालाई हेर्दा तोकिएको समयमा कुनै पनि क्रियाकलाप भएको पाइएन । यसको साथसाथै समयमा पेश्की फछ्र्यौट नगरेको, श्रोत यकिन गरी आन्तरिक आय संकलनको व्यवस्था नमिलाएको, करका लागि उपयुक्त लेखा प्रणाली नराखेको, प्रतिश्पर्धात्मक तरिकावाट ठेक्का आह्वान नगरेको, आन्तरिक आय खातामा दाखिला गर्नुपर्ने रकम समयमा दाखिला नगरेको, योजना हस्तान्तरण तथा खर्चको सार्वजनिक परीक्षण नगरेको, जन्म मृत्यू बिवाह बसाईसराईको अभिलेख नराखेको, सामाजिक सुरक्षा भत्ता पाउनेको अभिलेख MIS सिष्टममा प्रविष्टी नगरेको, सामाजिक सुरक्षा पेश्की बाँकी रहेको, ल्याण्ड फिल्ड साईटको दीर्घकालिन व्यवस्थापन र पूर्वाधार निर्माण नभएको, फोहर मैलालाई स्रोत छुट्याई परिमाण कम गर्ने सम्बन्धी जनचेतना अभिबृद्धि कार्यक्रम संचालन नगरेको, फोहर मैला व्यवस्थापन गर्ने कम्पोष्ट वीनहरुको खरिद र वितरण नगरेको पाईयो । त्यसैगरी प्रशासनिक खर्चको सिमा निर्धारण नगरेको, पूँजीगत प्रकृतिका खर्च प्रशासनिक खर्चमा समावेश गरेको, मु.अ.कर भुक्तानीको जानकारी आ.रा.का.लाई नदिएको, राजस्व परामर्श समिति र श्रोत अनुमान तथा वजेट निर्धारण समितिको गठन तथा तिनिहरुको सुझाव कार्यान्वयन नगरेको, राजस्व सम्वन्धी कानून निर्माण नगरेको, कर निर्धारण र गणना कानूनी व्यवस्था बमोजिम नगरेको, एकिकृत सम्पत्ती करको अभिलेख नराखेको, साविक स्थानिय निकायको सम्पत्ती प्राप्ति र व्यवस्थापन नगरेको, चल अचल सम्पत्तिको अभिलेख संरक्षणको उचित प्रवन्ध नगरेको, धरौटीको अभिलेख नराखेको, कार्यालयले प्रदान गर्ने सेवाको नागरिक बडापत्र तयार नगरेको, सेवा प्राप्त गर्दा लाग्ने दस्तुर उल्लेख नगरेको, सेवा प्रवाहको अभिलेख नराखेको, सेवाको प्रवाह गुणस्तर, समय र लागत उल्लेख नगरेको, सेवाप्रवाह प्रकृया अपांग मैत्री नरहेको जस्ता कमीकमजोरीहरु देखिएकोले सम्पूर्णमा सुधार गरी आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनुपर्ने देखिएको छ । | | |
| ४. | **श्रोतअनुमान तथा बजेट सिमा** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाडवाट प्राप्त हुने रकम, अनुदान ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्य समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा वजेट र कार्यक्रम तयार गरी पेश गरेपनि मार्गदर्शन प्राथमिकिकरण गरेको पाइएन । ऐनको व्यवस्था पूर्ण कार्यान्वयन गरिनु पर्दछ । | | |
| ५. | **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्य वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । गाउपालिकाले वजेट प्राथमिकीकरण गरी छनौट गरी सम्बन्धित कुनै कार्य गरेको छैन । सम्भाव्यता अध्ययन गरी मात्र आवश्यक्ता स्रोत बीच सन्तुलित हुने ग्रामिण महत्व सडकलाई प्राथमिकीकरण गरेको पाइएन । | | |
| ६. | **स्थानीय तथ्याङ्क र अभिलेख** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ बमोजिम गाउँपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालीकाले स्थानीय तथ्याङ्क सम्बन्धि नीति, कानुन र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्याङ्कले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि बढाउन आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | | |
| ७. | **लक्ष्य प्रगतिको स्थिति** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था | | |

| | | | |
|---|---|---|---|
| | छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । | | |
| ८. | **बैंक हिसाब** - कार्यालयको खाता हिसाव र बैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यसवर्षको आम्दानी रु.३९,५४,४३,४५६। र खर्च रु.३९,००,३३,००७।२६ बैंक मौज्दात रु.६,६३,३६,४०८। रहेको छ । आम्दानी, खर्च, बैंक मौज्दात, बाँकी बीच रु.६,०९,२५,९५९।२६ फरक परेको छ । कार्यालयले बैंक हिसाव मिलान तयार नगरेकोले फरक पर्नाको कारण पहिचान गरी हिसाव मिलान विवरण तयार गर्नुपर्दछ । माछापुच्छ्रे तर्फ संचित कोष बैङ्क स्टेटमेन्ट पेश भएको छैन । कार्यालयले दिएको तथ्याङ्क आधारमा तुलना गरिएको छ । संचित कोष रा.बा.बैङ्क मुगु र माछापुच्छ्रे बैङ्क खत्याड गरी दुई वटा खाता खोलेकोले एकिकृत गरी संचित खाता एउटा रहनु पर्ने देखिन्छ । | | |
| ९. | **घटी जिम्मेवारी** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ वमोजिम आय व्यय ठिक सँग भएको र लेखाकंन गरेको कुरामा विश्वस्त हुनुपर्ने र घटी जिम्मेवारी सार्न नहुने व्यवस्था छ । गत आ.ब.को लेखापरीक्षण प्रतिवेदनमा जिम्मेवारी सार्नुपर्ने उल्लेख भएको रु.१,५५,७३,५४४। मध्ये कार्यालयले पटक पटक गरी रु.६२,५५,८०७। मात्र सञ्चित कोष दाखिला भएको देखियो । जिम्मेवारी सार्न बाँकी देखिएको रु.९३,०७,७३७। यकिन गरी जिम्मेवारी सारी आम्दानी देखाउनु पर्ने देखिन्छ । | | |
| १०. | **चौमासिक खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा शुन्य प्रतिशत, दोश्रो चौमासिकमा शुन्य प्रतिशत र तेश्रो चौमासिकमा रु.३०,६३,६६,१२२। (९९%) प्रतिशत खर्च गरेको देखिएको छ । यसै गरी आषाढ महिनामा रु.३०,९९,९६,१२२।- (९९%) प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सनतुलित खर्च व्यवस्थापन भएको देखिएन । | | |
| ११. | **सेवा प्रवाह विवरण** - सुशासन ऐन (संचालन र व्यवस्थापन) २०६४ र नियमावली २०६५ बमोजिम राज्य प्रदत्त सेवा जनतालाई उपलब्ध गराउन सेवा प्रवाह वितरण व्यवस्थापन, उत्तरदायित्व वहन प्रकिया व्यवस्थित हुन्छ । गाउपालिकामा नागरिकता सिफारिस २३७, नाता प्रमाणित ४५, जन्म मृत्यु दर्ता ३७५ र अन्य प्रमाणित ७३५ प्रदान गरेको उल्लेख छ । सेवा प्रवाह गर्न वडा तहमा प्रत्यायोजन गरेको उल्लेख गरिए पनि जनप्रतिनिधिको उपस्थितिमा रहने सभाले सेवा प्रवाह स्तरमा समय लाग्ने गरेको छ । सेवा प्रवाह निर्वत्र प्राप्त वितरण विचको अभिलेख नराखेबाट थप विश्लेषण गर्न सकिने अवस्था छैन । तसर्थ सेवा स्वास्थ्य विमा, खानेपानी सहजकर्ता, खानेपानी, नागरीक सचेतना तर्फकार्यक्रम संचालन गरेको देखिदैन । तसर्थ जनतामा आधारभुत आवश्यक्ता सेवा प्रवाहको स्तर र गुणस्तर वढाउनु पर्ने देखिन्छ । | | |
| १२. | **कर्मचारी व्यवस्था** - निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति रु व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकामा रहने कर्मचारी दरवन्दी ६१ जना रहेपनि पदपूर्ति १२ जना रहेको र ४९ पद रिक्त रहेका छन् । ति मध्ये ४६ जना करारमा राखि कार्य संचालन गरिएको छ । अनावश्यक पद भए खारेज गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन । गाउँपालिकाको नियमित कार्यमा असर पर्ने गरी कर्मचारी व्यवस्थापन नगरेकोले कर्मचारी पदपुर्ति गर्नुपर्दछ । | | |
| १३. | **एकीकृत विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय व्ययको एकिकृत लेखा वनाई पेशगर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटिएको देखिएन । सबै क्षेत्रमा रहेको बैङ्क मौज्दात समेत गाउँपालिकाले समेटी कारोवार गर्नु पर्दछ । | | |
| १४. | **वित्तीय जवाफदेहिता पालना** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी | | |

<table>
<tr><td></td><td>रकम निकासा दिँदा वा खर्च गर्दा नियमिता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । नगरपालिकाले नियम विपरित पेश्की नर्म्स भन्दा बढि खर्च गरी नियमावलीको पालना गरेको देखिएन ।</td><td></td><td></td></tr>
<tr><td>१५.</td><td>विशेष भत्ता - नेपाल सरकारवाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलब, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय संचालन खर्च, क्षमता विकास खर्च, सामाजिक परिचालन खर्च पाउने व्यवस्था छ । गाउँपालिकाको मिति २०७५।३।३१ को निर्णयानुसार कर्मचारीलाई १००% तलब बराबरको भत्ता दिने निर्णय भएको छ । ५ जना कर्मचारीको लागि मासिक रु.१,२८,८४०। ले वार्षिक रु.१५,४६,०८०। व्यवहार गर्ने गरी निर्णय भएको जुन रकम कुल आन्तरिक आयको ८८% दायित्व सृजना भएको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्यसम्पादनमा आधारित भत्ता भुक्तानी गर्ने निर्णय भएको हो सो समेत खुल्दैन । स्पष्ट आधार एवं कार्यविधि विना तथा नियमावलीमा स्पष्ट उल्लेख गरेभन्दा फरक कार्यमा खर्च लेख्ने निर्णय कानुन विपरित देखिएको छ । तसर्थ यसमा सुधार हुनुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>१६.</td><td>सशर्त अनुदान - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय लगायतबाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा गाउँपालीकाले रु.३८,५५,४३३।- खर्च नभई बाँकी रकम स्थानीय सञ्चित कोषमा जम्मा गरेकोले उक्त रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने देखिन्छ । त्यसैगरी शशर्त अनुदान तर्फ दोहोरो खर्च लेखेको वहुक्षेत्रीय पोषण खर्च जम्मा असुली ७५०००। संचित कायम दाखिला भएकोले उक्त खातामा दाखिला गर्नुपर्ने रु..
<table>
<tr><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>सामाजिक सुरक्षा</td><td>१०२०२००.००</td></tr>
<tr><td>शिक्षा</td><td>२०००५०३.००</td></tr>
<tr><td>कृषि</td><td>८३९००.००</td></tr>
<tr><td>आयुर्वेद</td><td>७५०९१०.००</td></tr>
<tr><td>वेरुजु (वहुक्षेत्रीय पोषण कार्यक्रम)</td><td>७५०००.००</td></tr>
<tr><td>जम्मा</td><td>३९,३०,५१३.००</td></tr>
</table></td><td>३९,३०,५१३/-</td><td></td></tr>
<tr><td>१७.</td><td>प्रतिवेदन - आर्थिक कार्यविधि ऐन,२०५५ को दफा १०(२) वमोजिम महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचा राख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाको कार्यालयले म.ले.प.फा.नं.१३ ,म.ले.प.फा.नं.१४, पेश्कीको विवरण म.ले.प.फा.नं.८ बजेट खर्चको विवरण पेश्की लेजर लगायत कुनै पनि विवरण राखेको पाइएन । अन्य सम्बन्धित लेजर समेत नभएको लेखापरीक्षणबाट खर्च विवरण यकिन गर्न, खर्च वैदेशिक लगानी, सरकारी आन्तरिक स्रोत छुटाउन समेत सकिएन । तसर्थ कानुनी व्यवस्था स्विकृत ढाँचामा लेखा राख्नुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>१८.</td><td>राजश्व अभिलेख - आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी</td><td></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तविक राजस्व असुली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । गाउँपालिका रु.१७,५४,४४९।- राजस्व असुल गरेको छ । नगदी रसिद खाता, नगदी रसिद पेश नभएकोले परीक्षण हुनसकेन । वडाकार्यालयले उठाएको वास्तविक राजस्व र दाखिला भएको सम्बन्धमा अभिलेख नभएबाट लेखापरीक्षण हुन सकेन । आन्तरिक राजस्वको स्पष्ट अभिलेख राखी आम्दानी यकीन गर्नुपर्ने रु.. | १७,५४,४४९/- | |
| १९. | **सम्पत्ति हस्तान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | | |
| २०. | **बरबुझारथ -** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | | |
| २१. | **सञ्चित कोष -** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ६३ अनुसार गाउँ पालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सबै बाँकी रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा बाँकि रहेको रु.१,२५,०७,००७। रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम संचित कोषमा दाखिला गर्नुपर्ने रु.. | १,२५,०७,७०७/- | |
| २२. | **स्रोत नक्सांकन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | | |
| २३. | **कार्यसम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार खरिद सम्झौतामा उल्लेखित अवधिभित्र कार्यसम्पन्न गरी प्रतिवेदन तयार गर्नुपर्ने ब्यबस्था छ । गाउपालिका कार्यालयवाट २२५ वटा निर्माण कार्य आषाढ मसान्त भित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा लेखापरीक्षण अवधिसम्म पनि १७ वटा निर्माण कार्य सम्पन्न भएको छैन । तोकिएको समय भित्र स्वीकृत कार्यक्रम अनुसार रु.१,२३,४५,०००।- को कार्यसम्पन्न गरी प्रतिवेदन पेश नभएकोले कार्यसम्पन्न प्रतिवेदन | | |

७

| | | | |
|---|---|---|---|
| | पेश गर्नुपर्ने देखिन्छ । | | |
| २४. | **आर्थिक विवरण -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले शिर्षकगत वास्तविक आय र खर्चको स्थिति देखाउदैन जसवाट खर्चको स्थिति समेत मुल्याङ्कन गर्न सकिने स्थिति देखिएन । शशर्त, निशर्त, अन्य अनुदान, आन्तरिक समेत संलग्न गरी खर्चवाट समेत खर्चहरु घटाएर वास्तविक शिर्षकगत खर्च पछि गर्न पाइदैन । तसर्थ शिर्षकगत खर्च गर्नुपर्दछ । | | |
| २५. | **उपभोक्ता समिति -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नसकिने व्यवस्था रहेको छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कायांलयबाट गनें भुक्तानीमा आनुपातिक कती नगनें, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गनें, योजना हस्तान्तरण नहुने तथा खचंको सावंजनिक नगर्ने जस्ता कानूनले तोकेका कायं गरेको देखिएन । | | |
| २६. | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले नीजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारीत उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । कर्मचारी कल्याण कोषको व्यवस्था स्थानीय तहले कार्यालयलाई आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । आन्तरिक खातावाट कर्मचारी कल्याण खातामा रकम जम्मा गरेको पाइएन । यसवाट प्रशासनिक खर्चमा ठुलो भार पर्ने र दीर्घकालीन समयपछि विकास निर्माणमा प्रभाव पर्ने भएकाले कर्मचारी कल्याण खाता सभाको निर्णयानुसार कानुन बनाई रकम जम्मा गरिनुपर्दछ । | | |
| २७. | **लक्षित समूह खर्च** - स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (७) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखि कार्यकम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाउँपालिकाले यस्ता कार्यकममा समेत खर्च गरेको देखिएकोले कार्यविधिको परिपालना भएको देखिएन । यस्ता कार्यमा सुधार हुनु पर्दछ । | | |
| २८. | **विना प्रतिस्पर्धा खरिद** - सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ले साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र द्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र, बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा ८५ लाखको सामान पटक पटक सोझै खरीद गरेको पाइयो । खरीद कार्य गर्दा नियमको पालना हुनुपर्दछ । उदाहरणको लागि २२ लाख २० हजार औषधि खरीद सोझै भएको छ । तसर्थ कानुनको पालना हुनुपर्दछ । | | |
| २९. | **वातावरणीय प्रभाव -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाँउपालिकाले यो वर्ष वातावरण संरक्षण, नगर र नदी सफाइ कार्यक्रम चलाएको विवरण पेश गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालवसाली सरसफाईको काममा नगरक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, | | |

9

| | | | |
|---|---|---|---|
| | चाडपर्व, शनिवार नगर र नदी सरसफाई पर्दछन् । यसरी वातावरण सुधार र ढल निर्माणमा वजेट विनियोजन भएको पाइएन । यसरी प्रचलित कानुनले व्यवस्था गरी सरसफाई एवं वातावरण सुधार तर्फ कुनै पनि कार्य निश्चित मात्र सकिएन । जनताका स्वास्थ्य सकरात्मक परिवर्तन ल्याउन सरसफाई एवं वातावरण तर्फ वजेट विनियोजन एवं कार्यक्रम कार्यन्वयन गरिनु पर्दछ । | | |
| ३०. | **सामाजिक सुरक्षा -** संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पंस. ०७४।०७५, चं नं. १०६४ मिति ०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई बाँकी रहेमा संघिय संचितकोमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(६) मा नेपाल सरकारबाट रकम खर्च नभई बाँकी रहेमा फ्रिज गर्ने प्रयोजनका लागि सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ । गाउपालिकाको कार्यालयले यो वर्ष सामाजिक सुरक्षा अन्तर्गत पहिलो किस्ता रु.२,०६,९०,८००।, दोस्रो किस्ता रु.१,२१,००,०००। र जि.वि.स.बाट रु.१,६६,१८,४००। समेत कुल रु.४,९४,०९,२००। निकासा भएकोमा गाउपालिकाले रु.१०,२०,२००। निकासा फिर्ता भनि रु.४,८३,८९,०००। मात्र निकासा जनाएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयमा उक्त निकासा फिर्ता नभई गाउँपालीकाको कोष खातामा मौज्दात रहेको देखियो । उक्त रकम तथा बैंकमा बाँकी भए सो समेत यकीन गरी सञ्चित कोष दाखिला हुनुपर्दछ । | | |
| ३१. | **व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाउपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । गाउपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका कममा गाउपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । गाउपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । | | |
| ३२. | **सेवा करार -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । त्यस्तै नियम ३ मा एक लाख रुपैयाँभन्दा बढी शुल्क लाग्ने सेवाको करार गर्नुपर्दा निकायले पन्ध्र दिनको सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गरी प्रक्रियाबमोजिम करार सेवा लिनुपर्ने व्यवस्था छ । गाउपालिकाले नियमित कार्यको लागि भएको भनी २०७४।४।१ मितिमा सम्झौता गरी २४ जना कर्मचारी नियुक्त गरी खर्च लेखेको पाइयो । यसरी नियममा व्यवस्था भए अनुरुपको प्रक्रिया पुरा गरी सेवा करार लिनुपर्नेमा २०७४।४।१ बाट लागू हुने गरी करार सेवा गरी यस आ.ब.मा रु.१,०१,८०,९४२।- खर्च गरेको पाइएकोले खर्च नियमसम्मत् देखिएन । | | |
| ३३. | **गाउपालिका पदाधिकारीलाई आर्थिक साहायता -** कार्यालयले आन्तरिक पूंजीगत खर्च शीर्षक तथा अन्य शीर्षकबाट खर्चको विल भरपाई राखि १५ जनालाई रु.९,०६,०००।- आर्थिक सहायता स्वरुप भुक्तानी गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ । गाँउपालिकाले गाँउपालिका पदाधिकारीलाई तलब भत्ता सुविधाको अतिरिक्त व्यवस्था विपरित औषधिउपचार सहायता दिएको पाइयो । यसरी ऐन नियम विपरित खर्च अनियमित देखिएको रु.. | ९,०६,०००/- | |
| ३४. | **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउपालिकामा प्राप्त हुने आन्तरीक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउपालिकाको निर्धारित आन्तरिक आय दस्तुर रु.१७,५४,४४९।- दाखिला गरेको छ । गाउपालिका नगदी रसिद नियन्त्रण खाता म.ले.प.फा.नं.१०८ (क) | | |

| | | | |
|---|---|---|---|
| | चाडपर्व, शनिवार नगर र नदी सरसफाई पर्दछन् । यसरी वातावरण सुधार र ढल निर्माणमा वजेट विनियोजन भएको पाइएन । यसरी प्रचलित कानुनले व्यवस्था गरी सरसफाई एवं वातावरण सुधार तर्फ कुनै पनि कार्य निश्चित मात्र सकिएन । जनताका स्वास्थ्य सकरात्मक परिवर्तन ल्याउन सरसफाई एवं वातावरण तर्फ वजेट विनियोजन एवं कार्यक्रम कार्यन्वयन गरिनु पर्दछ । | | |
| ३०. | **सामाजिक सुरक्षा** - संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पंस. ०७४।०७५, चं नं. १०६४ मिति ०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई बाँकी रहेमा संघिय संचितकोमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(६) मा नेपाल सरकारवाट रकम खर्च नभई बाँकी रहेमा फ्रिज गर्ने प्रयोजनका लागि सम्बन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ । गाउपालिकाको कार्यालयले यो वर्ष सामाजिक सुरक्षा अर्न्तगत पहिलो किस्ता रु.२,०६,९०,८००।, दोस्रो किस्ता रु.१,२१,००,०००। र जि.वि.स.बाट रु.१,६६,१८,४००। समेत कुल रु.४,९४,०९,२००। निकासा भएकोमा गाउपालिकाले रु.१०,२०,२००। निकासा फिर्ता भनि रु.४,८३,८९,०००। मात्र निकासा जनाएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयमा उक्त निकासा फिर्ता नभई गाउँपालीकाको कोष खातामा मौज्दात रहेको देखियो । उक्त रकम तथा बैंकमा बाँकी भए सो समेत यकीन गरी सञ्चित कोष दाखिला हुनुपर्दछ । | | |
| ३१. | **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाउपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । गाउपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा गाउपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । गाउपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । | | |
| ३२. | **सेवा करार** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । त्यस्तै नियम ३ मा एक लाख रुपैयाँभन्दा बढी शुल्क लाग्ने सेवाको करार गर्नुपर्दा निकायले पन्ध्र दिनको सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गरी प्रक्रियाबमोजिम करार सेवा लिनुपर्ने व्यवस्था छ । गाउपालिकाले नियमित कार्यको लागि भएको भनी २०७४।४।१ मितिमा सम्झौता गरी २४ जना कर्मचारी नियुक्त गरी खर्च लेखेको पाइयो । यसरी नियममा व्यवस्था भए अनुरुपको प्रक्रिया पुरा गरी सेवा करार लिनुपर्नेमा २०७४।४।१ बाट लागू हुने गरी करार सेवा गरी यस आ.व.मा रु.१,०१,८०,९४२।- खर्च गरेको पाइएकोले खर्च नियमसम्मत् देखिएन । | | |
| ३३. | **गाउपालिका पदाधिकारीलाई आर्थिक साहायता** - कार्यालयले आन्तरिक पूंजीगत खर्च शीर्षक तथा अन्य शीर्षकबाट खर्चको विल भरपाई राखि १५ जनालाई रु.९,०६,०००।- आर्थिक सहायता स्वरुप भुक्तानी गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ । गाँउपालिकाले गाँउपालिका पदाधिकारीलाई तलब भत्ता सुविधाको अतिरिक्त व्यवस्था विपरित औषधिउपचार सहायता दिएको पाइयो । यसरी ऐन नियम विपरित खर्च अनियमित देखिएको रु.. | ९,०६,०००/- | |
| ३४. | **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउपालिकामा प्राप्त हुने आन्तरीक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउपालिकाको निर्धारित आन्तरिक आय दस्तुर रु.१७,५४,४४९।- दाखिला गरेको छ । गाउपालिका नगदी रसिद नियन्त्रण खाता म.ले.प.फा.नं.१०८ (क) | | |

| | | | |
|---|---|---|---|
| | र (ख) पेश भएन । वडा कार्यालयमा समेत रकम उठाउने गरेको दाखिला नभएको उल्लेख भएकोले छानविन गरी कार्वाही एवं असुली गर्नुपर्दछ । | | |
| ३५. | **पूँजीगतबाट चालु खर्च** - एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालुखर्च गर्न नपाइने उल्लेख छ । गाँउपालीकाको कार्यालयले यो वर्ष सभाबाट पारित गरि रु.९९ लाख चालु खर्च पुजिगत वजेटमा समावेश गरि वजेट खर्च लेखेको नियम सम्मत देखिएन । चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकका समावेश गरी वजेट खर्च लेख्नु पर्दछ । | | |
| ३६. | **मू.अ.करमा दर्ता नभएकासंग खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम सार्वजनिक निकायले खरिद कार्य गर्दा मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त फर्म, कम्पनीबाट खरिद गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले मुल्य अभिवृद्धि कर दर्ता नभएका सँग कारोवार गरेको छ । कार्यालयले जिल्ला वाहिर खरिद गर्दा मु.अ.कर दर्ता भएको सँग खरिद गरे तापनि जिल्ला भित्र खरिद गर्दा मु.अ.कर दर्ता नभएको सँग कारोवार गरेको जनाएको छ । आगामी दिनमा ऐनको व्यबस्था गरी मु.अ.कर दर्ता भएको संग कारोवार गर्नु पर्दछ । | | |
| ३७. | **तलवी प्रतिबेदन** - निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले प्रशासन कर्मचारी तलब रु.३६,५९,३१३।- खर्च लेखेकोमा तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | | |
| ३८. | **कार्यक्रम वेगरको खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि उल्लेख छ । यस वर्षको कार्यक्रम मा नरहेकोमा गाउपालिकालाई संघिय संरचना पुर्वाधार विकास कार्यक्रममा विनियोजित वजेट रकामन्तर गरि अन्य विभिन्न कार्यक्रम गरि रु.३,३२,९०,९००।- खर्च लेखेको छ । ऐनमा भएको व्यवस्था अनुरुप कार्यक्रम संचालन गर्ने तर्फ सम्वन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ । | | |
| ३९. | **विद्युतिय लेखा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई सवै गाउँपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सफ्टवेयरले पेश्कि रकमलाई दोहोरो वजेट खर्च देखाउने, भौचरहरु परिमार्जन गर्न मिल्ने देखिएकोले विद्युतिय प्रणालीमा राखिएको लेखा भरपर्दो देखिएन । गाउँपालिकाले सफ्टवेयर प्रयोग गरी स्रेस्ता राखेको पाइएन तसर्थ कानुनको पालना गर्नु पर्दछ । | | |
| ४०. | **स्थानीय भत्ता तथा अन्य सुविधा** - राजनैतिक पदाधिकारी तथा कर्मचारीले सवारी साधन भाडामा रु.२,०४,०००। र सञ्चार खर्च रु.६१,०००। भुक्तानी गरेको देखियो । विकास निर्माणको काममा खर्च गर्नु पर्ने रकम विभिन्न भत्ता सुविधामा खर्च गर्ने कार्य नियन्त्रण हुनुपर्दछ । | | |
| ४१. | **सार्वजनिक परिक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाउपालिकामा २२५ योजना लागु भएकोमा सार्वजनिक परीक्षण भएको पाइएन । सार्वजनिक परीक्षण गरी खर्च लेख्नु पर्दछ । | | |
| ४२. | **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ७९ मा स्थानीय तहले स्वीकृत वजेटको अधिनमा रही कुनै शीर्षकबाट पुजिगत शिर्षकमा २५ प्रतिशतमा नवढाइ रकामन्तर गर्ने व्यवस्था छ । गाँउपालीकाले चालु रु.३,२१,४९,०००।- र पुजीगत रु.२,१४,५६,०००।- वाट रु.३,३२,९०,०००।- कार्यक्रममा रकम स्रोतान्तर र रकमान्तर गर्ने गाउपालिकाले मिति | | |

<table>
<tr><td></td><td>२०७४।१२।२१ को निर्णयानुसार खर्च गरेको पाईन्छ । केही रकमान्तरका उदाहरण निम्नानुसार छन् :
<table>
<tr><th>विवरण</th><th>रकम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>स्वास्थ्य भवन निर्माण</td><td>१५०००००.००</td><td>वाटो, खानेपानी,स्कुल समेत</td><td>१५०००००.००</td></tr>
<tr><td>चाकपोट जडिबुडी उद्यान</td><td>१००००००.००</td><td>एफ.एम., रेडियो, सोलार</td><td>१००००००.००</td></tr>
<tr><td>वन सुरक्षा</td><td>२३०००००.००</td><td>युवा कल्व व्यवस्थापन<br>विधुत पोल ढुवानी</td><td>२०००००.००<br>३०००००.००</td></tr>
<tr><td>पाकृतिक प्रकोप र आपतकालीन स्वास्थ्य</td><td>२००००००.००</td><td>शालिक निर्माण<br>फर्निचर खरीद</td><td>३०००००.००<br>५०००००.००</td></tr>
<tr><td>नमुना दलित वस्ती</td><td>२४०००००.००</td><td>गाउपालिका पाश्वचित्र</td><td>७८००००.००</td></tr>
<tr><td>सिलाई कटाई तालिम</td><td>५०००००.००</td><td>एफ.एम. रेडियो स्थापना</td><td>३०००००.००</td></tr>
</table>
उपरोक्त केही संशोधित अवस्थाले संशोधित र रकमान्तर स्थानीय सरकार संचालन ऐन २०७४ को ऐन अनुसार उत्पादनमुलक, स्थानीय श्रम शिपमा उपयोग, प्राथमिक ध्यान पुग्न सकेको पाइएन । तसर्थ स्थानीय जनता जीवनस्तर वृद्धि गर्न योजना खर्च गर्नु पर्दछ । तसर्थ रकमान्तर स्रोतान्तर र रकामन्तर सम्बन्धि मापदण्ड गाउसभाले बनाउनु पर्ने देखिन्छ ।<br><br>त्यसैगरी नेपाल सरकारले उपलब्ध गराएको अनुदान भन्दा चालु तर्फ रु.२०,९६,०१३। बढि खर्च भएको छ । वजेट खर्च विश्लेषण नगरी रकमान्तर गर्दा बढि खर्च हुन गएकोले अनियमित देखिएको रु..</td><td>२०,९६,०१३/-</td><td></td></tr>
<tr><td>४३.</td><td>योजना र कार्यान्वयन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कायर्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । गाउपालिकाले उत्पादनमुलक र प्रतिफलयुक्त आयोजना प्राथमिकीकरण गरी लगानी गरेको पाइएन । ऐन व्यवस्थाको पालना गर्नुपर्दछ ।</td><td></td><td></td></tr>
